का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ फागुन २०७८, शनिबार
12 March 2022, Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २०, अंक ३५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## चुनावी खर्च

# ५ वर्ष अघिकै सीमा

निर्वाचन आयोगले शुक्रबार विभिन्न १७ वटा राजनीतिक दलका प्रतिनिधिलाई बोलाएर चुनावी खर्चको सीमा प्रस्ताव गरेको हो । तर प्रस्तावित खर्च सीमा कम भएको दलहरुले गुनासो गरेका छन् ।

| महानगरपालिका | | उपमहानगरका | | नगरपालिकाका | | गाउँपालिकाका | | जिल्ला समन्वय समिति | |
|---|---|---|---|---|---|---|---|---|---|
| मेयर उपमेयर | वडाअध्यक्ष सदस्य | मेयर उपमेयर | वडाअध्यक्ष सदस्य | मेयर उपमेयर | वडाअध्यक्ष सदस्य | प्रमुख उपप्रमुख | वडाअध्यक्ष सदस्य | प्रमुख उपप्रमुख | सदस्य |
| साढे सात लाख | तीन लाख | साढे पाँच लाख | साढे दुई लाख | साढे चार लाख | दुई लाख | साढे तीन लाख | डेढ लाख | साढे दुई लाख | डेढ लाख |





'चुनावी खर्चको सीमा तोक्ने आधार के हो ? चुनावमा उम्मेदवारको कति खर्च हुन्छ आयोगलाई थाहा छैन ?'

**● केशव झा**
*नेता लोकतान्त्रिक समाजवादी पार्टी*

*निर्वाचन आयोगद्वारा शुक्रबार आयोगको कार्यालयमा आयोजित स्थानीय तहको निर्वाचनसम्बन्धी राजनीतिक दलसँगको छलफल कार्यक्रममा निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया लगायत विभिन्न दलका सहभागी प्रतिनिधिहरु । तस्वीर : रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

निर्वाचन आयोगले स्थानीय तहको चुनावमा उम्मेदवारहरुले खर्च गर्न पाउने रकमको सीमा प्रस्ताव गरेको छ ।

आयोगको प्रस्तव अनुसार महानगरपालिकाका मेयर/उपमेयरका उम्मेदवारले साढे ७ लाख खर्च गर्न पाउँछन् । उपमहानगरका मेयर/उपमेयरले साढे ५ लाख, नगरपालिकाका मेयर/उपमेयरले साढे ४ लाख र गाउँपालिकाका प्रमुख/उपप्रमुखले साढे ३ लाखसम्म खर्च गर्न पाउँछन् ।

वडा सदस्यसम्मको चुनाव खर्चको सीमा २०७४ कै कायम राखिएको छ । जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्य तथा गाउँ नगर कार्यपालिकाका सदस्यहरुको चुनाव खर्चको सीमा भने घटाइएको छ ।

आगामी वैशाख ३० गते हुने स्थानीय चुनावको तयारीका विषयमा आयोगले शुक्रबार दलहरुको प्रतिनिधिलाई बोलाएर छलफल गरेको हो । तर, आयोगले तय गरेको चुनावी खर्चको सीमामा दलहरुले प्रश्न उठाएका छन् । र प्रस्तावित सीमा कम भएको गूनासो गरेका छन् ।

आयोगले शुक्रबार विभिन्न १७ वटा राजनीतिक दलका प्रतिनिधिहरुसँग छलफल गरेको थियो । छलफलमा आयोगले प्रस्तुत गरेको चुनावी खर्चको सीमा हेरेपछि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता केशव झाले प्रश्न गरे, 'यसको आधार के हो ? चुनावमा कति खर्च हुन्छ ? आयोगलाई थाहा छैन ?' उनले प्रष्ट रुपमा चुनावी खर्चको सीमा कम भएको बताए ।

झा पछि बोल्ने अन्य पार्टीका नेताहरुले पनि चुनावी खर्चको विषयमा कुरा उठाए । कम भएको झाको गूनासोमा समर्थन गरे । तर, आफ्नो पार्टी बढाउनै पर्छ भन्नेमा नरहेको पनि धारण राखे ।

निर्वाचन आयोगका एक अधिकारी भन्छन्, 'दलहरुबाट चुनावी खर्चको सीमा कम भएको गूनासो आयो । तर, कसैले पनि प्रष्ट रुपमा बढाउनुपर्छ पनि भनेनन् ।'


नेताहरुले भने जस्तै नेपालको निर्वाचन खर्चिलो छ । वडाध्यक्षका लागि २०/२५ लाख खर्च, गाउँपालिका प्रमुखका लागि एक/डेढ करोड खर्च हुने गरेको नेताहरु बताउँछन् । नगर प्रमुखका लागि दुई/अढाई करोड, उपमहानगरका लागि ३/साढे ३ करोड तथा महानगरको मेयरका लागि ५ करोडभन्दा कम रकमले नपुग्ने नेताहरु बताउँछन् । यस्तो परिस्थितिमा निर्वाचन आयोगले केही लाख मात्रै चुनावी खर्च गर्न पाउने भनी सीमा तोक्नु केवल ओपचारिकताका लागि हुने नेताहरु नै बताउँछन् ।

पछिल्लो पाँच वर्षमा बढेको महँगी र मुद्रा स्फीतीलाई ख्याल गर्दा पनि पाँच वर्ष अगाडिकै चुनावी खर्चको सीमा प्रस्ताव हुनुलाई संकुचनका रुपमा दलका प्रतिनिधिहरुले आयोगसमक्ष व्याख्या गरे ।

निर्वाचन आयोगसँगको छलफलमा नेकपा एमालेका तर्फबाट बाबुराम दाहाल, नेपाली कांग्रेसका तर्फबाट – बाँकी पृष्ठ २ मा

## स्थानीय चुनाव

# मतदाता कहाँ कति ?




**कुल मतदाता :**
**करिब १ करोड ७९ लाख**

| कम मतदाता भएका जिल्ला | कम मतदाता भएका पालिका |
|---|---|
| मनाङ : ६ हजार ५ सय ७१ | मनाङको नार्पाभूमि : ४५० |
| मुस्ताङ : १० हजार ७ सय ९० | मनाङकै चामे : ७ सय २२ |
| डोल्पा : २२ हजार ६५१ | डोल्पाको ताङसोङ : ९ सय ८४ |

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

निर्वाचन आयोगले आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा बैशाख २९ गतेसम्म १८ वर्ष पुग्नेले भोट हाल्न पाउने गरी 'कट अफ डेट' निर्धारण गरेको छ ।

यस अनुसार थप दुई लाख युवाहरुले आफ्नो मताधिकार प्रयोग गर्न पाउने आयोगले जनाएको छ । आयोगका अनुसार आगामी स्थानीय तहको निर्वाचनमा करिब १ करोड ७९ लाख मतदाता हुनेछन् ।

आयोगका अनुसार मोरङ, झापा र काठमाडौं सबैभन्दा बढी मतदाता भएका जिल्ला हुन् । मोरङमा ७ लाख १७ हजार ६७ जना मतदाता रहेका छन् । झापामा ६ लाख ५० हजार २५८ र काठमाडौंमा ६ लाख ४० हजार ५८ जना मतदाता रहेका छन् ।

पालिकाको हिसावले भने काठमाडौं महानगरपालिकामा सबैभन्दा बढी मतदाता रहेका छन् । निर्वाचन आयोगका अनुसार काठमाडौं महागरपालिकामा ३ लाख छ सय ८७ मतदाता रहेका छन् । काठमाडौंपछि कास्कीको पोखरा महागरपालिकामा २ लाख ८ हजार ७० मतदाता रहेका छन् ।

पोखरापछि सबैभनदा धेरै मतदाता रहेको पालिका हो चितवनको भरतपुर महानगरपालिका हो । भरतपुर महानगरपालिकामा १ लाख ८६ हजार ६ सय ६९ मतदाता रहेका छन् ।

यस्ते, सबैभन्दा कम मतदाता रहेको जिल्ला मनाङ हो । मनाङमा ६ हजार ५ सय ७१ मतदाता छन् । मनाङपछि मुस्ताङ कम मतदाता रहेको जिल्ला हो । मुस्ताङमा १० हजार ७ सय ९० जना मतदाता छन् ।

सबैभन्दा कम मतदाता रहेको ३ जिल्लामा डोल्पा पनि परेको छ । डोल्पामा २२ हजार ६५१ मतादता रहेका छन् ।

मनाङ जिल्लाको नार्पाभूमि सबैभन्दा कम मतदाता रहेको पालिका हो । जहाँ ४५० मतदाता रहेका छन् ।

सबैभन्दा कम मतदाता रहेको ३ पालिकामध्ये मनाङकै चामे र डोल्पाको ताङसोङ परेको छ । चामेमा ७ सय २२ र ताङसोङमा ९ सय ८४ मतदाता छन् ।

# संघ संयोजक ढकालद्वारा तदर्थ कार्यसमिति विस्तार

## अनुभवी व्यवसायी समेटिँदा निर्वाचनसँगै समस्याहरूको समाधान पनि हुने अपेक्षा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन

नेपाल वैदेशिक रोजगार व्यबसायी संघले अनुभवी वैदेशिक रोजगार व्यवसायीहरूको नेतृत्व पाएको छ । संघका संयोजक बिमल प्रसाद ढकालले जिल्ला प्रशासन कार्यालय काठमाडौंको परामर्शमा शुक्रबार अनुभवी ७ व्यवसायीलाई समेटेर तदर्थ कार्यसमिति विस्तार गरेका छन् ।

कार्यसमितिका सदस्यहरूमा संघका पूर्व अध्यक्ष एवं डाईनामिक सेल्स एण्ड सर्भिस प्रा.लि.का सञ्चालक दिल प्रसाद पोखरेल र अर्का पूर्व अध्यक्ष एवं ब्लु स्काई इन्टरनेशनल प्रा.लि.का सञ्चालक प्रेम बहादुर कटुवाल, संघका पूर्व सल्लाहकार दि रिभर ओभरसिज प्रा.लि.का सञ्चालक रघु पुरी, संघका पूर्व सल्लाहकार एवं बाबा ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक प्रज्ञान न्यौपाने, संघका पूर्व सल्लाहकार एवं तिरूपति इन्टरनेशनल प्रा.लि.का सञ्चालक रबिन्द्र यादव र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनका वरिष्ठ उपाध्यक्ष एवं इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक वाइ.बि.राई सदस्य रहेका छन् ।



जिल्ला प्रशासन कार्यालय काठमाडौंले गत फागुन ८ गते संघको साधारणसभा र निर्वाचन गर्नका लागि संघका पूर्व अध्यक्ष ढकाललाई कार्यसमिति गठनको सर्वाधिकार दिई ९ सदस्यीय तदर्थ कार्यसमितिको संयोजक तोकेको थियो । संयोजक ढकालले तदर्थ समितिका दुई सदस्य पनि केही दिनमा मनोयन गर्ने बताए ।

फागुन १२ गते संघमा पदवहाली गरेका संयोजक ढकालले विधान संशोधनपछि मात्रै संघको आगामी साधारणसभा तथा नयाँ नेतृत्वको निर्वाचन – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारमा जाने बढे पनि रेमिट्यान्स घट्दो

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्यामा केही वृद्धि भए पनि रेमिट्यान्स भित्रिने क्रम भने सुस्ताएको छ । नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको ७ महिनामा गत वर्षको सोही अवधिको तुलनामा नेपाल भित्रिने रेमिट्यान्स ४.९ प्रतिशतले कमी आएको छ ।

साउनदेखि गत माघसम्म ५ खर्ब ४० अर्ब १२ करोड रूपैयाँ मात्रै रेमिट्यान्स मुलुकमा भित्रिएको छ । गत वर्ष त्यस अवधिमा रेमिट्यान्स आप्रवाह १०.९ प्रतिशतले बढेको थियो ।

वैदेशिक रोजगारमा कोरियालगायतका मुलुकमा रहेका नेपाली कामदार क्रिप्टोकरेन्सीको कारोवारमा – बाँकी पृष्ठ २ मा

## चुनावको मुखैमा दल त्याग

# स्वार्थ कि बाध्यता ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २७ फागुन ।

स्थानीय तहको निर्वाचन नजिँकिदै गर्दा जनप्रतिनिधिहरुले पार्टी परित्याग गर्ने क्रम बढेको छ । पार्टीभित्रको आन्तरिक समस्या बढ्दैं जाँदा, आफूले चुनावमा टिकट नपाउने देखिदाँ, चुनावमा हार्ने सम्भावना हुँदा र पार्टी नेतृत्वसँगको असन्तुष्टि चर्किदा पार्टी छोड्ने क्रम बढेको हो । गत हप्तामात्रै आधा दर्जन जनप्रतिनिधले पार्टी परित्याग गरेका छन् ।

जसमा सिन्धुपाल्चोकको बलेफी गाउँपालिकाका अध्यक्ष केदार क्षेत्री एमाले परित्याग गरी नेपाली कांग्रेसमा नेताकार्यकर्तासहित प्रवेश गरेका छन् । यद्यपि, उनी नेकपा एकीकृत समाजवादी प्रवेश गर्ने चर्चा थियो । अध्यक्ष क्षेत्रीले नेकपा एमालेमा बा प्रवृत्ति हावी भएकाले पार्टी परिवर्तन गर्नुपरेको प्रतिक्रिया दिएका थिए । त्यस्तै, मोरङको रंगेली नगरपालिकाका प्रमुख र उप प्रमुख नै नेकपा माओवादी केन्द्र छाडेर नेकपा एमालेमा प्रवेश गरेका छन् । बुधवार मात्रै एमालेका अध्यक्ष केपी शर्मा ओलीले उनीहरुलाई खादा माला लगाएर पार्टी प्रवेश गराएका हुन् । पार्टी परित्याग गर्दा उनीहरुले सैद्धान्तिक असहमति भन्दा पनि एमालेको संगठन आक्रामक ढंगले विस्तार भएकोले प्रवेश गरेको बताएका छन् ।

हुनत, नेकपा एमालेको आन्तरिक छलफलमा जनप्रतिनिधिलाई आकर्षित गरेर आफ्नो पार्टीमा प्रवेश गराउनेमा सक्रिय हुन अध्यक्ष ओलीले निर्देशन दिएको विषय पनि चर्चामा छ । यद्यपि एमाले छोड्ने र प्रवेश गर्नेहरुको क्रम जारी छ ।

त्यस्तै, गत मंगलबार नै नुवाकोट जिल्लाका निर्वाचित वडाध्यक्ष सुब्बा तामाङ नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका छन् । उनीसँगै शिक्षक आन्दोलनका अगुवा श्रीराम पाण्डेले पनि पार्टी प्रवेश गरेका हुन् । उनीहरुले एमाले र कांग्रेसको नेतृत्वको कार्यशैली तानाशाही देखिएकाले विकल्पमा एकीकृत समाजवादी रोज्नुपरेको बताएका छन् । पार्टी प्रवेश गराउँदै शिर्ष नेतृत्वहरु अरुभन्दा राम्रो पार्टी आफ्नो भएकाले सबैलाई जोडिन अपिल पनि गरिरहेका छन् । तर, नेताकार्यकर्ताहरु भने आफ्नो स्वार्थ र हित अनुकूलका पार्टी खोजेर प्रवेश र बर्हिगमन – बाँकी पृष्ठ २ मा

# बञ्चरेडाँडाको समस्या समाधान गर्न उच्चस्तरीय समिति

**काठमाडौं/मस-** बञ्चरेडाँडा ल्याण्डफिलसाइटमा देखिएका स्थानीय समस्या समाधान गर्ने सरकारले आवश्यक सहजीकरण र समन्वय गर्ने भएको छ।

सरकारले बञ्चरेडाँडा ल्याण्डफिलसाइटमा तत्काल आइपर्ने समस्या समाधानका लागि सरोकारवालासमेतको सहभागितामा एक द्रुत कार्य टोली (र्‍यापिड एक्सन टास्कफोर्स) समेत गठन गर्ने भएको हो।

मन्त्रिपरिषद्को यही फागुन २६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले बञ्चरेडाँडा ल्याण्डफिलसाइटमा देखिएका स्थानीय समस्या समाधान गर्ने सन्दर्भमा विगतमा भएका प्रतिवद्धता कार्यान्वयन गर्न सरकार प्रतिबद्ध र क्रियाशील रहेको बताए।

बञ्चरेडाँडा ल्याण्डफिलसाइटमा फोहर व्यवस्थापन तथा साइट सञ्चालन गर्दा त्यसबाट हुने वातावरणीय प्रभाव मूल्यांकनका आधारमा मानव जीवन, जीवजन्तु र वनस्पतिमा पर्ने प्रभाव न्यूनीकरण गर्न आवश्यक सबै उपाय अवलम्बन गर्दै फोहरको वैज्ञानिक व्यवस्थापनका लागि सम्बन्धित निकायबाट अविलम्ब आवश्यक कार्य प्रारम्भ गर्न र पहुँच सडकको निर्माण तथा स्तरोन्नति गर्न सम्बद्ध निकायलाई निर्देशन गरिएको पनि उनले जानकारी दिए।




यसैगरी बिहीबारको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको स्वामित्वमा रहेको सुर्खेत जिल्लामा रहेको क्षेत्रफल ०-९-८ बिघाको जग्गा नेपाल राष्ट्र बैंकलाई बिक्री गर्न स्वीकृति प्रदान गरेको छ। साथै नेपाल आयल निगमको रिक्त कार्यकारी निर्देशक पदमा उमेशप्रसाद थानी (सुर्खेत) लाई नियुक्त गरेको छ।

सरकार सरकार विधिअन्तर्गत भारत सरकारसँग हस्ताक्षर भएको समझदारीपत्रमा भएको व्यवस्थाबमोजिम संयुक्त स्केरिङ कमिटीमा सहभागी हुन नेपालकोतर्फबाट कृषि तथा पशुपक्षी विकास मन्त्रालय, कृषि विकास महाशाखाका सहसचिवको नेतृत्वमा टोली गठन गर्ने तथा मल खरिद गर्ने निकायकारुपमा कृषि सामग्री कम्पनी लिमिटेडलाई तोक्ने निर्णय गरेको छ।

साथै बीउबिजनको किसिम वा जात सूचित गर्ने प्रयोजनार्थ राष्ट्रिय बीउबिजन समितिबाट सिफारिस भई आएबमोजिमको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिने निर्णय पनि हिजोको मन्त्रिपरिषद्को बैठकले गरेको छ।

सरकारले फोहरमैला व्यवस्थापनसम्बन्धी कानूनको मस्यौदा तयार गर्न सहमति प्रदान गर्ने, तुलसीपुर उपमहानगरपालिका र स्पेनको बिलबाओं नगर परिषद्बीच भगिनी सम्बन्ध कायम गर्न स्वीकृति प्रदान गर्ने, राष्ट्रिय भवन प्रविधि अनुसन्धान केन्द्र र संघीय सचिवालय निर्माण तथा सामान्य प्रशासन मन्त्रालय व्यवस्थापन कार्यालयको संगठन संरचना र दरबन्दी तेरिजलाई स्वीकृत गरेको छ।

त्यस्तै सरकारले पत्रकार दुर्घटना बीमा (व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७८, वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८, निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने निर्देशिका, २०७८, औद्योगिक व्यवसाय नियमावली, २०७८ र सार्वजनिक खरिद (एघारौं संशोधन) नियमावली, २०७८ लाई पनि स्वीकृत गर्ने निर्णय गरेको छ।

# वृहत रक्तदान कार्यक्रममा ७५ जनाले गरे रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, २७ फागुन

बाँकेको नेपालगञ्जमा बास नेपाल तथा नेपाल रेडक्रस सोसाईटी उपशाखा पुरैनीको संयुक्त आयोजना वृहत रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा महिला पुरुष गरी ७५ जनाले रक्तदान गरेका छन्।

सो रक्तदान कार्यक्रम प्रमुख अतिथि बासका कार्यकारी निर्देशक तथा गैर सहकारी संस्था महासंघ नेपाल बाँके शाखाका अध्यक्ष नमस्कार शाह, नेपाल रेडक्रस सोसाईटी उपशाखा पुरैनीका सभापति फन बहादुर गुरुङ, नेपालगन्ज उप-महानगरपालिका वडा नं. १९, का वडाध्यक्ष परशुराम कुर्मी, नेपालगन्ज उपमहानगरपालिका वडा नं. २२ पुरैनीका वडाध्यक्ष विद्याराम वर्माले संयुक्त रुपमा रगत संकलन गर्ने पाकेट प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र नेपालगञ्जका प्रमुख उपेन्द्र रेग्मी हस्तान्तरण गरी विधिवत् रुपमा उद्घाटन गरेका थिए।




नेपाल रेडक्रस सोसाईटी उपशाखा पुरैनीका सचिव शिव कुमार वर्माद्वारा सञ्चालित रक्तदान कार्यक्रममा महेन्द शाही, भिम बहादुर बुढा, कृष्ण थापा, स्वस्तिका चौधरी, समसुद्दीन खान, सुमित्रा मल्लिक, निशा खडका, दिल कुमारी शाही, सृजना चन्द ठकुरी, सन्तु, सुविता रावत, लोकेन्द्र बिष्ट, विनक चौधरी, टंक बोहरा, दिपक भण्डारी, दिनेश चौधरी, सन्तोष थारु, शैलेन्द्र ऐडी, बिशाल जिसी, ओम प्रकाश चौहान, दिनेश भण्डारी, कृष्ण पुन, पुष्पा चन्द, सन्त बुढाथोकी, खिमा थापा, चिन्ताकुमारी थारु, उषाकुमारी थारु, खडक बहादुर गुरुङ्ग, सालिकराम वर्मा, भोला गुप्ता, योगेश चौधरी, सुर्य वर्मा, रस्थी बुढाथोकी, सुनिता कुमारी, यसोदा पुन, रवि महाउत, सुशान्त शाही, शान्ति शाह, अंकिता गुरुङ, सञ्जिता कार्की, धमेन्द्र कुमार वर्मा, बिकास वर्मा, सिद्धार्थ भारती, राजेन्द्र कुमार केसी, चित्र कुमारी केसी र ओमकार वर्माले रक्तदान गरेका थिए। यस्तै कार्यक्रममा शिवराज मल्ल, अशोक रावल, रोशनी महतरा, तुलसी महतरा, सुधा थारु, सुमरिती थारु, आश्मा थारु, श्रुती थारु, मन भण्डारी, निराजन प्याकुरेल, नरेन्द्र बोहरा, आशिष गिरी, रजनी चन्द, ललिता थापामगर, प्रदीप बोहरा, अनिल भुजुवा, लक्ष्मी कार्की, धर्मराज वर्मा, सुरज साहू, सुनिल वर्मा, बालकृष्ण नेपाली, रमेश रावत क्षेत्री, जगत बहादुर कुर्मी, सुमन पनेरु, अर्जुन गुरुङ, खेम बिष्ट, चन्द्र बहादुर बस्याल, दिनेश चौहान, मनिश कर्माचार्य लगायत ७५ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा गैरसहकारी संस्था महासंघ नेपाल बाँके शाखा, जिल्ला युवा क्लब सञ्जाल बाँके, सभ्य समाज बाँके र मध्यपश्चिम बहुमुखी क्याम्पस नेपालगञ्जको सहकार्यमा र नेपालगन्ज उप-महानगरपालिका वार्ड नं.१९, वडा नं.२२ वडा कार्यालय तथा साना किसान कृषि सहकारी संस्था लिमिटेड पुरैनी सहयोगमा सम्पन्न भएको रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सेवा केन्द्र नेपालगञ्जका प्रमुख उपेन्द्र रेग्मी, सोम प्रकाश सापकोटा, सुनिल रतौया, केशर सिंह डाँगी, बीरेन्द्र योगी लगायतले प्राविधिक सहयोग गरेका थिए। रक्तदान कार्यक्रममा सभ्य समाज बाँकेका अध्यक्ष सूर्यला यादव, बासका पदाधिकारी, नेपाल रेडक्रस सोसाईटी उपशाखा पुरैनीका पदाधिकारी लगायतको सहभागिता रहेको थियो।

# कीर्ते गरेको आरोपमा वडाध्यक्ष पक्राउ

**खाादबारी/मस-** संखुवासभा प्रहरीले जग्गा जालसाजीको आरोपमा भोटखोला गाउँपालिका-४ का वडाध्यक्षसहित सात जनालाई पक्राउ गरेको छ।

जग्गा जालसाजीको आरोपमा भोटखोला-४ का वडाध्यक्ष किङ्साङ भोटेलाई प्रहरीले नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए।

भोटेसहित सात जनालाई जग्गा कीर्ते गरेको आरोप लागेको छ। भोटे एमालेबाट निर्वाचित वडाध्यक्ष हुन्। उनीहरुले अपर अरुण जलविद्युत् आयोजनास्थलको मुआब्जा क्षेत्रमा पर्ने जग्गा स्थानीय ७५ वर्षीय वृद्धालाई ललाइफकाई गरेर रजिस्ट्रेसन पास गरेको खुलेको छ। मुआब्जाभित्र पर्ने २७ रोपनी जग्गा रु एक लाख दिएर पास गरेको बताइएको छ। पक्राउ परेका आरोपीलाई शनिबार पत्रकार सम्मेलन गरेर सार्वजनिक गरिने प्रनाउ सुवेदीले जानकारी दिए।

# राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति कालिकोट संयोजकमा पुनः पाण्डे

**मध्यान्ह संवाददाता**
कालिकोट, २७ फागुन

राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति कालिकोटको संयोजकमा तुलाराम पाण्डे पुनः चयन भएका छन्।

आसन्न वैशाख ३० मा हुने स्थानीय तहको निर्वाचनलाई शान्त, मर्यादित र निष्पक्षताका भए/नभएको अनुगमन गर्दै निर्वाचन आचार संहिताको पालना गरे/नगरेको अनुगमन गर्ने उद्देश्यले समिति पुनर्गठन गरिएको हो।

संयोजक पाण्डे नेपाल पत्रकार महासंघ कालिकोटका पूर्व अध्यक्ष तथा सल्लाहकार समेत हुन्। यस्तै समितिको सह-संयोजकमा महिला अधिकारकर्मी दिपा खत्री, सचिवमा बालअधिकारकर्मी बाले विश्वकर्मा, कोषाध्यक्षमा जमुना बजगाईं लगायत १५ सदस्य जिल्ला समितिको पुनर्गठन गरिएको छ।

सदस्यमा राजेन्द्र सहकारी, प्रकाशवहादुर शाही, मनकला बुढा मगर, निर्मला थापा, सवी राई, दलसिंह कुमाल, लिलाराज संज्याल, मनोज प्रसाद देवकोटा, लिलाराम न्यौपाने र हरिलाल विश्वकर्मा चयन भएका समितिका सचिव बाले विश्वकर्माले जानकारी दिए।

सचिव विश्वकर्माका अनुसार निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहितालाई राज्य र राजनीतिक दलहरुको तर्फबाट कार्यन्वयन भए/नभएको पर्यवेक्षण गर्ने मुख्य उदेश्य रहेको छ। त्यसैगरी समुदाय स्तरमा मतदाता शिक्षा समेत दिनमा सहयोग पुर्‍याउने समितिको जिम्मेवारी रहेको छ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कालिकोटका सचिव खडानन्द अधिकारी लगायत जिल्लास्थित क्रियाशिल पत्रकार, नागरिक समाज लगायत सरोकारवालाको सहभागिता रहेको थियो।

# संखुवासभा बस दुर्घटना
# मृतकका परिवारलाई प्रदेश सरकारले १ लाख रुपैयाँ दिने

**मोरङ/मस-** संखुवासभा बस दुर्घटनामा मृत्यु भएकाको परिवारलाई १ नं प्रदेश सरकारले प्रति परिवार १ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने भएको छ।

१ नं प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले बिहीबार संखुवासभाको मादीमा भएको बस दुर्घटनामा मृत्यु भएका प्रत्येक परिवारलाई आर्थिक सहयोगस्वरुप १ लाख रुपैयाँ उपलब्ध गराउने जानकारी गराए।

उक्त सवारी दुर्घटनाले प्रदेश सरकारलाई स्तब्ध बनाएको भन्दै उनले १५ जनाको परिवारलाई उक्त रकम आर्थिक सहयोग गर्ने बताएका हुन्। उनले दुर्घटनामा घाइते भएका सबैको उपचार खर्च पनि प्रदेश सरकारले नै व्यहोर्ने जानकारी दिए।

बा ४ ख ७३५ नम्बरको यात्रुबाहक बस संखुवासभाको मादीबाट झापाको दमक आउँदै गर्दा मादी सातघुम्ती मोडमा दुर्घटना भएको थियो।

दुर्घटनामा मृत्यु हुनेमा ताप्लेजुङका ३१ वर्षीय समीक्षा योञ्जन र उनका छोरा आठ वर्षीय सुदीप घिसिङ, मादी-६ की ३० वर्षीया सीता विक रहेका छन्। दुर्घटनामा मादी-६ का ३८ वर्षीय इन्द्र अधिकारी, ३२ वर्षीया अञ्जना कटुवाल, तुलसा कटुवालकी छोरी पाँच वर्षीया दीक्षा कटुवाल, मादी-५ का ४८ वर्षीय दीपककुमार दाहाल, ५५ वर्षीय श्याम शेर्पा, ४९ वर्षीय भवानीप्रसाद दाहालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ।

त्यसैगरी मादी-४ का ३८ वर्षीय आइतबहादुर तामाङ, २८ वर्षीया सविता कार्की, सहचालक उमेश भट्टराई, तेह्रथुमको औंशीडाँडाका सवारी चालक बिपीन निरौला र मादी-४ का ६० वर्षीय बलबहादुर कार्कीको मृत्यु भएको छ। त्यस्तै मादी नगरपालिका-५ की ३० वर्षकी युका पोखरेलको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको छ।

# बेसिशहर-चामे सडकको कल्भर्ट निर्माण गरिँदै

**नविन अंकुर/मध्यान्ह**
मनाङ, २७ फागुन

लमजुङ र मनाङ जोड्ने बेसिशहर-चामे सडकको निर्माण कार्य तीव्ररुपमा भइरहेको छ।

डुम्रे-बेसिशहर चामे सडक योजना कार्यालयका अनुसार सडकखण्डको तिमाङ छहरामा रहेको काठे पुल जीर्ण भएकाले कल्भर्ट निर्माणका लागि यही फागुन २० देखि आगामी चैत ५ गतेसम्मका लागि सडक बन्द गरिएको छ।

जिल्लाको नासौं गाउँपालिका-९ स्थित तिमाङ छहराको दुई ठाउँमा कल्भर्ट निर्माण तीव्ररुपमा भइरहेको हो। गत असारमा आएको बाढीले काठेपुल बगाएपछि पुनः काठेपुल राखेर यातायात सञ्चालनमा भएकामा गत कात्तिकमा आएको बाढी र पहिराले फेरि काठेपुल बगाएको थियो।

उक्त काठेपुल जीर्ण हुँदै गएको र आगामी बर्खायाममा फेरि समस्या उत्पन्न हुने भएकाले व्यवस्थित गर्न ढलानसहितको स्ल्याभ कल्भर्ट निर्माण भइरहेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिए। सोमबार प्रमुख जिल्ला अधिकारी र जिल्लाको सुरक्षा निकायद्वारा सडक निर्माण कार्यको निरीक्षण गरिएको थियो। निरीक्षणका क्रममा विद्युतीकरणका लागि चामे दानाक्यु क्षेत्रमा भइरहेको पोल गाड्ने र तार तान्नाका साथै तिमाङ खोलाको झरनामा भइरहेको कल्भर्ट निर्माणको निरीक्षण गरिएको उनले जानकारी दिए।

कल्भर्टको काम सन्तोषजनक भएको र धारापानी चौकीबाट दैनिक सुरक्षा र समन्वय तथा नियमित रिपोर्टिङ गर्नेसमेतको प्रबन्ध मिलाएको बताइएको थियो।

# सबै पार्टी किसानप्रति उतरदायी हुनुपर्छः महासचिव मिश्र

**कृष्णनगर/मस-** जनता प्रगतिशील पार्टीका केन्द्रीय महासचिव ईश्वर दयाल मिश्रले सबै पार्टी किसानहरुको हक अधिकारप्रति उतरदायी हुनुपर्ने बताएका छन्। कपिलवस्तुको महाराजगंज नगरपालिका वडा नं ९ मा जनता प्रगतिशील पार्टी नेपालको वडा कमिटी गठन कार्यक्रममा बोल्दै महासचिव मिश्रले किसानको हक अधिकारका लागि लड्ने एक मात्र पार्टी जनता प्रगतिशील पाटी भएको भएको भन्दै सबै मिलेर उत्पादन गरेको अन्नको मूल्य, समयमा मलको सहजता लगायत किसानको सम्पूर्ण हक अधिकारका लागि आवाज उठाउनुपर्ने बताए।

कार्यक्रममा जनता प्रगतिशील पार्टीका केन्द्रीय उपाध्यक्ष फरहान अकबाल खानले जनता प्रगतिशील पार्टी सबैको साझा पार्टी भएकाले सबैलाई पार्टीमा आउन आह्वान गर्दै अबको लडाईं किसानको हक अधिकारका लागि सबै मिलेर लड्नुपर्ने बताए।

शिवराज नगरपालिकाका जनता प्रगतिशील पार्टी नेपालका नेता राम निवास यादव लगायतले जनता प्रगतिशील पार्टीको किन उदय भयो, यो पार्टीको आवश्यकता किन छ, पार्टीले जनताप्रति उतरदायी भई काम गर्ने लगायत किसानको हक अधिकारका लागि पार्टीले काम गर्ने भएकाले किसानहरु पार्टीमा धेरै सहभागी हुँदै गएको बताए।

कार्यक्रममा जसपाको जिल्ला युवा संघ अध्यक्ष तथा महाराजगंज नगरपालिका अध्यक्ष पद परित्याग गरेर हालै जनता प्रगतिशील पार्टीमा प्रवेश गरेका युवा नेता मोहम्मद हईले यो पार्टी किसान, मजदूर, गरिब, शोषित तथा पीडितहरूको पार्टी रहेको र नेपालमा सबैभन्दा भिन्न पार्टी रहेको बताए।

कार्यक्रममा पूर्व गाविस उपाध्यक्ष धनीराम मोर्या, समाजसेवी गोबर्धन मौर्या, छोटेलाल यादव र राम रूप विश्वकर्मा लगायतको उपस्थिति रहेको थियो।

कार्यक्रममा राम टहल मुराउको अध्यक्षतामा २१ सदस्यीय वडा कमिटी समेत गठन गरिएको छ।

# भक्तपुरमा फेरि भेटियो बर्डफ्लू

**भादगाउँ/मस-** भक्तपुरमा फेरि बर्डफ्लू भेटिएको छ। जिल्लाको सूर्यविनायक नगरपालिका-१० स्थित जगतलक्ष्मी सुजखुले सञ्चालन गरेको सुवाल पोल्ट्री फार्मका कुखुरामा बर्डफ्लू भेटिएको हो।



यसअघि गत साता सूर्यविनायक-१० का दुई फार्ममा बर्डफ्लू भेटिएको थियो। सुवाल पोल्ट्री फार्मका कमर्सियल लेयर्स कुखुराको नमूना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वरमा परीक्षण गर्दा बर्डफ्लू रोग एचपिए वानको सबटाइप एच फाइभ एच वान नतिजा प्राप्त भएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिए।

उक्त फार्मका कुखुरामा बर्डफ्लू भेटिएको पुष्टि भएपछि जिल्ला सुरक्षा समितिको आज बसेको बैठकले बर्डफ्लू नियन्त्रण नियमावली, २०७८ अनुसार उक्त फार्मका कुखुरा, चल्ला तथा कुखुराजन्य पदार्थ दाना, सुली, अण्डा नियन्त्रणमा लिई नष्ट गर्ने निर्णय गरेको छ। साथै बैठकले बर्डफ्लू भेटिएको कुखुरा फार्मलाई केन्द्रविन्दु मानी पूर्वमा अजिमा इँटा उद्योगसँगै रहेको अरनिको राजमार्गतर्फ जाने कच्ची बाटो, पश्चिममा कृष्ण इँटा उद्योगसँगै रहेको अरनिको राजमार्गतर्फ जाने कच्ची बाटो, उत्तरमा हनुमन्ते खोलाको दक्षिण किनारा र दक्षिणमा अरनिको राजमार्गको उत्तरी सिमानाभित्र बर्डफ्लू नियन्त्रण नियमावली, २०७८ अनुसार पन्छी, पन्छीजन्य पदार्थ तथा उत्पादन सामग्री अण्डा, दाना, सुलीसमेत अन्यत्र निकासी हुन नपाउने गरी नियन्त्रणमा लिई भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ललितपुरको संयोजकत्वमा पशु सेवा विभाग र सम्बन्धित स्थानीय तहको समन्वयमा उचित व्यवस्थापन गर्ने निर्णय गरेको प्रजिअ शर्माले बताए।

बैठकले भक्तपुर जिल्लालगायत उपत्यका भित्रिने सबै नाकाहरुमा पशु सेवा विभागको सहयोगमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ललितपुरको संयोजकत्वमा पशु सेवा विभाग र सम्बन्धित स्थानीय तहको समन्वयमा पन्छी, पन्छीजन्य पदार्थ दाना, अण्डा, सुली ओसार पसारमा सघन निगरानी बढाउने निर्णय गरेको छ। बैठकले बर्डफ्लू नियन्त्रणमा खटिने कर्मचारी र कामदारलाई नियमानुसार पाउने सेवासुविधा तथा रोग नियन्त्रणका लागि नष्ट गरिएका सामग्रीको क्षतिपूर्ति उपलब्ध गराउन पशु सेवा विभाग हरिहरभवनलाई अनुरोधसमेत गरेको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/११/२८
यस कम्पनीको मिति २०७८/११/१८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी **हरिचन्द्र पारमा बोडिङ स्कूल प्रा.लि. (प्रा.लि. नं. १९३६६** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/२७ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **हरिचन्द्र पारभा बोर्डिङ्ग स्कूल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## चुनावी...

केशव रिजाल थिए। बैठकमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टीका प्रतिनिधिहरु पनि थिए।

नेताहरुले चुनावी खर्च कति हुन्छ त्यति राख्नुपर्ने र बढी गर्नेलाई अनुसन्धान गरेर कारबाही गर्नुपर्ने सुझाव पनि दिएका छन्। पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्ने लगायतका सुझावहरु पनि आएका छन्।

## चुनावको ...

गरिरहेका छन्। चुनाव नजिकिदैं गर्दा दल फेरबदल हुनु स्वभाविक भएको राजनीतिक विश्लेषक डा. राजेश अहिराज बताउँछन्। 'जनप्रतिनिधिले चुनावमा राजनीतिक स्वार्थ हेर्ने र दल परिवर्तन गर्ने क्रम नौलो होईन, उनीहरु चुनाव नजित्ने, टिकट नपाउने र शीर्ष नेतृत्वसँगको चरम असन्तुष्टि पछि दल त्याग गरिरहेका छन्, यो सैद्धान्तिक असहमति भन्दा पनि सत्तास्वार्थ हो,' विश्लेषक अहिराजले भने। उनले निश्चित स्वार्थका लागि राजनीति गरिदाँ पार्टीभित्र यस्तो प्रवृत्ति देखापर्ने बताएका छन्। उनीमात्रै होईन, दलका नेताहरु पनि यो विषयलाई स्वीकार गर्छन्।

पछिल्लो समय स्पष्ट सैद्धान्तिक कार्यदिशा र स्वार्थको राजनीति मौलाउँदै गएको नेकपा एकीकृत समाजवादीका नेता जीवनराम श्रेष्ठ बताउँछन्। 'सही राजनीतिक कार्यदिशा नहुँदा अहिले पार्टी परिवर्तन गर्ने कार्य मौलाएको छ, निश्चित स्वार्थका लागि गरिने राजनीति नबदलिएसम्म पार्टीमा आउने र जाने क्रम बढिरहन्छ, हामीले गलत प्रवृत्तिको दुरुत्साहन गर्नुपर्छ, नेता श्रेष्ठले भने।

राजनीतिक दलका नेताहरु एकअर्कालाई स्वार्थको राजनीतिको गरेको आरोप लगाएपनि अधिकांश नेताकार्यकर्ता पदकै राजनीति गरिरहेका छन्। तसर्थ, पनि नेतृत्वलाई अनेक दोष लगाएर जनप्रतिनिधिहरु पार्टी परित्याग गरिरहेका छन्।

## संघ ...

गरिने बताएका छन्। जिल्ला प्रशासन कार्यालयले साधारणसभा र निर्वाचन गर्ने मिति भने तोकेको छैन। तदर्थ समितिमा मनोनयन भएका सदस्यहरूले आइतबार पदवहाली गरेर विधिवतरुपमा काम शुरूवात गर्ने बताइएको छ।

पूर्व अध्यक्ष पोखरेलले सकेसम्म छिटो संघ कार्यसमितिको निर्वाचन गराउने प्रमुख उद्देश्यले तदर्थ समितिमा सदस्यको जिम्मेवारीमा आएको बताए। सरकारले वैदेशिक रोजगारका क्षेत्रमा फ्रि भिसा फ्रि टिकटको नीति लिएदेखि समस्या थुप्रिँदै गएको र आम व्यवसायीले सकेसम्म छिटो ती समस्याको समाधान खोजेकोले समस्याको समाधानमा पनि लाग्ने तर तदर्थ कार्यसमितिको मुख्य ध्यान संघको साधारणसभा र निर्वाचनमा नै केन्द्रित गर्ने योजना रहेको पोखरेलले बताए।

अर्का पूर्व अध्यक्ष कटुवालले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्याको समाधानका लागि व्यवसायीको छातासंस्था बलियो हुनुपर्ने अवस्थामा संघमा नेतृत्वको रिक्तता जस्तो 'भ्याकुम'को अवस्था उत्पन्न भएपछि सकेसम्म छिटो संघ कार्यसमितिको निर्वाचन गराएर संघलाई प्रभावकारी बनाउने एक मात्र उद्देश्यले आफु तदर्थ कार्यसमितिमा बसेको बताए।

संघका पूर्व सल्लाहकार न्यौपानेले पनि संघको साधारणसभा र निर्वाचनमा नै तदर्थ समिति केन्द्रित हुने भएपनि वैदेशिक रोजगारका क्षेत्रमा लामो समयदेखि रहेका फेमिसको समस्या समाधान, वार्षिक सय जना कामदार नपठाएका व्यवसायीको इजाजत नवीकरण नहुने वैदेशिक रोजगार ऐनको व्यवस्था परिवर्तन जस्ता जरुरी विषयमा पनि तदर्थ कार्यसमितिले गम्भीरतापूर्वक काम गर्नुपर्ने अवस्था रहेको बताए।

तदर्थ कार्यसमितिका सदस्य राईले पनि साधारणसभा तथा निर्वाचन र वैदेशिक रोजगार क्षेत्रमा समाधान हुन बाँकी समस्याको समाधानका लागि पहल गर्ने बताए।

## वैदेशिक...

लागेको र कतिपयले हुण्डीमार्फत रकम पठाएका कारण रेमिट्यान्सको अंक घटेको कतिपयको टिप्पणी छ।

राष्ट्र बैंकले समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरणका माध्यमबाट अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या वृद्धि भई २ लाख १ सय २ पुगेको बताएको छ। अघिल्लो वर्षको सोही अवधिमा श्रम स्वीकृति लिनेको संख्या ८५.४ प्रतिशतले घटेको थियो।

राष्ट्र बैंकले वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्यामा अत्यधिक वृद्धि भएको जनाएको छ। समीक्षा अवधिमा पुनः श्रम स्वीकृति लिनेको संख्यामा २ सय ६६ प्रतिशतले वृद्धि भएको जनाएको छ।

नेपाल आउने रेमिट्यान्स नबढेको कारणले चालु आर्थिक वर्षको सात महिनामा मुलुकको भुक्तानी अवस्था करिब साढे २ खर्ब रुपैयाँ घाटामा गएको राष्ट्र बैंकले जनाएको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ९७ अर्ब ३६ करोडले बचतमा रहेको थियो।

सात महिनामा देशको चालु खाता ४ खर्ब १३ अर्ब ८६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता १ खर्ब ४ अर्ब ३९ करोडले घाटामा रहेको थियो।

# प्रमसँग नागरिकता विधेयकका विषयमा छलफल



**काठमाडौं/मस-** प्रधानमन्त्री शेरबहादुर देउवासँग गृहमन्त्री बालकृष्ण खाँण र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री दीलेन्द्रप्रसाद बडूले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक अगाडि बढाउने विषयमा छलफल गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा गृहमन्त्री खाँणले यही फागुन २३ र २५ गते मन्त्रालयमा प्रतिनिधिसभा सदस्यहरुसँग भएको छलफलबारे जानकारी गराएका थिए । छलफलमा उनहरुले राजनीतिक दलका नेताहरूले राखेका धारणाबारे प्रधानमन्त्री देउवालाई 'ब्रिफिङ' गरेका थिए । उक्त छलफलमा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको प्रतिवेदन र विधेयकलाई अब कसरी अगाडि बढाउने भन्ने विषयमा कुराकानी भएको जनाइएको छ ।

नागरिकता विधेयक नहुँदा नागरिकता वितरणमा समस्या देखिएको भन्दै सरकारले राजनीतिक दलबीचको सहमतिमा उक्त विधेयक प्रतिनिधिसभामा प्रस्तुत गर्ने तयारी गरिरहेको छ ।

**गृहमन्त्रीसाग चिनियाँ राजदूतको भेट**

गृहमन्त्री बालकृष्ण खाँणसँग नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले शिष्टाचार भेटघाट गरेका छन् ।

गृह मन्त्रालयमा भएको भेटघाटमा दुई देशबीचको आपसी सम्बन्ध अझै सुदृढ गर्ने विषयमा छलफल भएको थियो । भेटमा चिनियाँ उच्चपदस्थ अधिकारीको नेपाल भ्रमणबारे कुराकानी भएको थियो ।

गृहमन्त्रीसँग विश्वकर्माको भेट

गृहमन्त्री बालकृष्ण खाँण र नेत्रविक्रम चन्द नेतृत्वको नेकपा कम्युनिष्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्माबीच शुक्रबार भेटवार्ता भएको छ । गृह मन्त्रालयमा भएको भेटमा नेपाल सरकार र नेकपाबीच भएको तीनबुँदे सहमति कार्यान्वयनबारे छलफल भएको थियो । छलफलमा नेकपाका प्रवक्ता विश्वकर्माले विभिन्न आरोपमा थुनामा रहेका आफ्ना नेता कार्यकर्तालाई सहमतिबमोजिम रिहाइ गर्न आग्रह गरे ।

गृहमन्त्री खाँणले प्रक्रिया पुर्‍याएर राजनीतिक गतिविधिमा पक्राउ गरेकालाई रिहाइ गर्न पहल गर्ने आश्वासन दिएका थिए ।

गृहमन्त्रीको सचिवालयका अनुसार आज साँझ प्रधानमन्त्री निवास बालुवाटारमा नेपाल सरकार र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीबीच छलफल भएको छ ।

छलफलमा नेपाल सरकारकातर्फबाट प्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री बालकृष्ण खाँण, कानुन न्याय तथा संसदीय मामिलामन्त्री दीलेन्द्र बडू, गृहसचिव टेकनारायण पाण्डेसहितको सहभागिता छ भने नेपाल कम्युनिष्ट पार्टीका तर्फबाट पार्टीका महासचिव नेत्रविक्रम चन्द र प्रवक्ता खड्गबहादुर विश्वकर्माको सहभागिता छ ।

## प्रहरी हिरासतभित्रै अनसन

# हप्तादिन वित्दा समेत तोडेनन् मिश्र र झाले अनसन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट २७ फागुन



रौतहट सदरमुकाम गौरमा रहेको जुद्ध माध्यमिक विद्यालयमा गत शुक्रबार भएको घटनामा पक्राउ परेका चार जना विद्यार्थी नेता अझै रिहा भएका छैनन् ।

विद्यालयमा विद्यार्थीहरुले कागजात र केही फर्निचरहरुमा आगो लगाई नष्ट गरेपछि प्रहरीले अनेरास्ववियु केन्द्रीय सदस्य, मधेस प्रदेश कमिटी सचिव रवी मिश्र र जिल्ला संयोजक आशिष झा लगायत चार जनालाई पक्राउ गरेको थियो ।

घटनाको विषयलाई लिएर झा र मिश्रले पक्राउ परेको दिन देखि नै थुनामानै अनसन बसेका छन् ।

अनसनमा बसेको हप्तौ दिन हुनलाग्दा मिश्र र झाको स्वास्थ्य अवस्था कमजोर हुँदै गएकोले जिल्ला अस्पतालमा प्रहरीको निगरानीमा सलाइन चढाउने काम भइरहेको अनेरास्ववियु केन्द्रीय सचिव एवं मधेस प्रदेश इन्चार्ज कनिस पटेलले जानकारी दिए । जुद्ध माविको प्र.अ. चन्देश्वर राउतले मिश्रमाथि अपराध उपद्रव समेतको किटानी जाहेरी दिइएको र सोही आधारमा प्रहरीले पक्राउ गरि हिरासतमा राखि अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय रौतहटद्वारा जारी थुनुवा पत्रमा उल्लेख छ । अंग्रेजी माध्यममा अध्यनरत विद्यार्थीहरुसँग यस विद्यालयले विभिन्न शिर्षकमा चर्को शुल्क लिने गरेको भन्दै पटक-पटक विवाद हुँदै आएको छ। शिक्षा ऐन २०२८ मा शुल्क सम्बन्धि व्यवस्था गरेको छ । उक्त कुरालाई ध्यानमा राखि रौतहटको गौर नगरपालिकाले मिति २०७७ कात्तिक २४ गते निर्देशन पत्र जारी गर्दै कुनै पनि शिर्षकमा कुनै बहाना बनाई शुल्क असुल गर्न सख्त निषेध गरेको थियो । तर एक वर्ष नबित्दै मिति २०७७ मंसिर ९ र २०७८ असार २१ मा विभिन्न शिर्षक उल्लेख गरि चर्को शुल्क लिएको प्रमाण फेला परेको थियो । विद्यार्थीसँग चर्को शुल्क लिएको प्रमाण फेला परेपनि नगरपालिकाले विद्यालयमाथि कुनै काम कारवाही अगाडि बढाएको छैन । विद्यालयको मनपरि रवैयालाई नगरपालिकाले पनि आन्तरिक समर्थन गरिरहेको मिश्रले आरोप लगाए ।

मिश्रले विद्यार्थीहरुको जीवनसँग प्रत्यक्ष रुपमा खेलवाड गरिरहेको प्र.अ. राउतलाई कारवाही नगरि नगर प्रमुख अजय गुप्ताले मुकदर्शक बनेको आरोप समेत लगाए । विद्यालयको प्र.अ.राउतले स्कुलको गतिविधिमा ध्यान नदिइ फेसबुक स्टाटस मार्फत विभिन्न धाकधम्की दिएको प्रमाण फेला परेको छ। उक्त कुरा बुझ्न प्र.अ. राउतसँग फोन सम्पर्क गर्दा फोन सम्पर्कमा नआएको बुझिएको छ ।

# बालमैत्री सेवा प्रवाह गर्न क्षमता अभिवृद्धि तालिम



**अजय मिश्र/मध्यान्ह**
दाङ, २७ फागुन

दाङको घोराहीमा क्षमता अभिवृद्धि दुई दिवसीय तालिम सम्पन्न भएको छ ।

युनिसेफ नेपाल, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङ तथा सिद्धार्थ सामाजिक विकास केन्द्रको सहकार्यमा एकद्वार संकट व्यवस्थापन केन्द्र तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि सम्बन्धि दुई दिवसीय तालिम सम्पन्न भएको हो ।

एकद्वार संकट व्यवस्थापन केन्द्रको प्रभावकारी सेवा प्रवाहका लागि सरोकार वालाहरूको क्षमता अभिवृद्धि गरि उनीहरूलाई थप जिम्मेवार बनाउन तथा हिंसा प्रभावित महिला तथा बालबालिकाहरूलाई छिटो, छरितो र प्रभावकारी सेवा प्रदान गरिने उद्देश्यका साथ तालिम आयोजना गरिएको हो ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीका निर्देशक डा. प्रज्ञा बस्नेतको अध्यक्षता तथा घोराही उपमहानगर पालिकाका उपप्रमुख सीता सिग्देल न्यौपानेको प्रमुख अतिथ्यमा उक्त तालिम उद्घाटन गरिएको थियो ।

कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै युनिसेफका प्रकाश कैनिले ओसीएमसीहरुमा बालमैत्री तथा किशोर किशोरीमैत्री सेवा प्रवाह होस् भन्ने हेतुले सम्पूर्ण सरोकारवालाहरूको क्षमता अभिवृद्धि कार्यक्रम प्रदेश मन्त्रालयसँग छलफल गरि प्रतिष्ठान सँगको सहयोगमा संचालन गरिएको बताए ।

कार्यक्रमका अध्यक्ष एवं राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीका निर्देशक डा. प्रज्ञा बस्नेतले ओसीएमसीका सरोकार वालाहरूको क्षमता अभिवृद्धि कार्यक्रम अति आवश्यक रहेको बताउँदै यस तालिम पश्चात सरोकार वालाहरूको थप सक्रियता तथा सहयोग हुने विश्वास व्यक्त गरिन् ।

कार्यक्रमको प्रमुख अतिथि एवं उप-महानगरपालिकाका उपप्रमुखले यस तालिमले ओसीएमसीका सरोकार वालाहरूको भूमिकालाई अझैं प्रभावकारी बनाउँदै सम्पूर्ण लैंगिक हिंसा पीडित महिला तथा बालबालिकाहरूलाई आवश्यक उपचार एवं सेवा प्राप्त गर्न सहयोग पुग्ने कुरा बताइन् ।

कार्यक्रममा सहजकर्ता सूर्य पौडेल, प्रकाश कैनी, प्रकाश घिमिरे र अम्मर बस्नेतले सहजीकरण गरेका थिए। कार्यक्रमको औपचारिक सत्रको संचालन राधा पौडेलले गरेकी थिइन् ।

# सवारी दुर्घटनाको शिकार बन्दै बाँकेका प्रहरी जवान

**गणेश रावत/मध्यान्ह**
बाके, २७ फागुन

बाँकेका प्रहरी जवान सवारी साधनको शिकार बन्दै आएका छन् । यही फागुन २३ गते अस्थायी प्रहरी पोष्ट राँझा विटमा कार्यरत प्रहरी हवल्दार भुपेन्द्र बहादुर शाहीको दुर्घटनामा परी उपाचारको क्रममा मृत्यु भयो ।

प्रहरी जवान नरेश कुमार चौधरी, चालक बर्दिया जिल्लाको गेरुवा गाउँपालिका वडा नम्बर ४ बस्ने २४ वर्षीय सन्तोष बम ठकुरी पनि घाइते भए । घाइते ३ जनाको उपचारको लागि नेपालगञ्ज मेडिकल कलेज पठाइएकोमा प्रहरी हवल्दार भूपेन्द्र बहादुर शाहीको उपचारको क्रममा मृत्यु भएको हो । यो खरले शाहीको घरमा रुवाबासी भयो ।

बाँकेमा विगत २ सातमा डिउटीमा खटिएका शाही लगायत २ जना प्रहरी जवानको सवारी दुर्घटनामा परी मृत्यु भयो ।

बाँके जिल्लामा पछिल्लो समय सवारी दुर्घटना बढ्दै गएका छन् । यस विषयमा ट्राफिक प्रहरी, आम सर्वसाधारण व्यक्ति सबै सचेत हुन जरुरी देखिन्छ ।

फागुन ९ गते आइतबार राति ९:४३ बजेको समयमा शम्शेरगञ्जबाट अम्बे स्टिल नेपालगञ्जतर्फ जाँदै गरेको ना ३ ख ६४३६ नम्बरको ट्रक सडकको दक्षिणतर्फको किनारमा ठक्कर खाई अनियन्त्रीत भइ दुर्घटना हुँदा डिउटीमा रहेकी महिला प्रहरी जवानको च्यापिएर घटनास्थलमै मृत्यु भएको थियो ।

त्यस्तै फेरि २४ गते बर्दियाका अन्दाजी २७ वर्षीया हिरालाल थारुले पनि सवारी दुर्घटनामा ज्यान गुमाए । उनको साथबाट नेपाल प्रहरीको परिचयपत्र फेला परेको थियो । दुर्घटना बढ्दै गए पनि जिल्ला ट्राफिक प्रहरी कार्यालयले दुर्घटना न्यूनीकरणका लागि कुनै ठोस् योजना ल्याउन सकेको छैन ।

# प्रतिबन्धित भारतीय मुद्रासहित विदेशी नागरिक पक्राउ

**काठमाडौं/मस-** प्रतिबन्धित भारतीय मुद्रासहित प्रहरीले त्रिभुवन अनतराष्ट्रिय विमानस्थलबाट दुई जना थाइ नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ३२ वर्षीया वानविसा जनतासन र ४१ वर्षीया वारापर्न खुनसोमबट रहेका छन् । उनीहरुको साथबाट दुई हजार दरका चार थान र ५०० दरका ५७३ थान गरी जम्मा दुई लाख ९४ हजार ५०० भारतीय रूपैयाँ बरामद गरिएको छ ।

भिस्टारा एयरलाइन्सको उडानद्वारा काठमाडौंबाट दिल्ली जान लागेका बेला एक्सरे मेसिनमा जाँच गर्ने क्रममा उनीहरुको साथमा प्रतिवन्धित भारतीय रूपैयाँ फेला परेको थियो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको त्रिभुवन अन्तरराष्ट्रिय सुरक्षा कार्यालयले आज एक सूचना जारी गरी जनाएको छ ।

सुन चाँदीका गरगहना लुटपाट गर्ने पक्राउ

काठमाडौं महानगरपालिका-१६ माछापोखरीबाट राजकुमार तामाङको सुन र चाँदीका गरगहना लुटपाट गरेको अभियोगमा सोही ठाउँ बस्ने नुवाकोट किस्पाङ गाउँपालिका-३ का १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ ।

सुन र चाँदीका गरगहना लुटपाट गरी फरार भएको भन्ने खबर प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले लुटपाटमा संलग्न ती किशोरलाई भाग्दै गरेको अवस्थामा फेला पारेको हो । उनको साथबाट एक तोला सुनको मंगलसुत्र, चाँदीको ब्रासलेट र एक थान पोतेको माला बरामद गरिएको छ ।


## कतारमा बैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAMASH CONTRACTING & SERVICES W.L.L. शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७६/११/२७ चलानी नं.: ६०१५३२५९ L.T. No.: 234724 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Worker | 7 | 0 | | 1100 | ३६,५७५ | | | | | | | |
| 3. | Representative | 1 | 0 | | 2200 | ७३,१५० | | | | | | | |
| 4. | Electric | 4 | 0 | | 1100 | ३६,५७५ | | | | | | | |
| 5. | Plumber | 1 | 0 | | 1100 | ३६,५७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत ५ गते (19 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

New Light International Pvt. Ltd.
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 4380173, 4384185, Mob.:984-1071786, 9817301869, 9851045653 | Email: info.newlight1403@gmail.com



## उर्वर नेपाल लिमिटेड

दर्ता नं. २५२२६३/०७७/०७८, का.म.न.पा.-१०,काठमाडौं
फोन नं.: ०१-४४६८६३३, ०१-४४६८४३३, ईमेल : info@urbarnepal.com

**प्रथम वार्षिक साधारण सभा सम्बन्धि सूचना**

यस उर्वर नेपाल लिमिटेडको मिति २०७८।११।२६ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न भौतिक रुपमा र सन्चार माध्यम अर्थात Virtual माध्यम बाट समेत बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ । साथै भर्चुअल माध्यम मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई Meeting ID/Passcode उपलब्ध गराई सभामा सहभागी हुने ब्यवस्था मिलाईने छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**
**स्थान** : रोयल थाई प्यालेस, तिनकुने, काठमाडौं
**मिति** : २०७८ साल चैत १९ गते शनिबार (एप्रिल २, २०२२)
**समय** : बिहान ११:०० बजे

**छलफलका विषयहरु :-**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत आ.व.०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व.०७७/०७८ को वित्तिय विवरणहरु माथि छलफल गरी पारित गर्ने ।
३. आ.व.०७८/०७९ को लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमीक निर्धारण गर्ने ।
४. कम्पनीको प्रबन्धपत्रको दफा ६ (क) र (ख) संशोधन गरी कम्पनीको अधिकृत र जारी पुँजी बृद्धि गर्ने विशेष प्रस्ताव ।
५. नियमावलीको नियम २८ संशोधन गरी संचालक संख्या थप गर्ने तथा संचालक समितिको निर्वाचन गर्ने विशेष प्रस्ताव ।
६. विविध ।



## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**आशयको सूचना**

**सूचना प्रकाशन मितिः २०७८।११।२७**

उपर्युक्त सम्बन्धमा यस कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०७८।११।०८ गतेको सूचना बमोजिम पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धि सिलबन्दी दरभाउपत्र खरिद गरि नियमानुसार पेश भएका ८ (आठ) वटा प्रस्तावहरु मध्ये मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा सबैभन्दा बढी छुट प्रतिशत (९०%) मा विज्ञापन एवं सूचना प्रकाशन गर्न कबोल गर्ने **जोइन मिडिया हाउस प्रा.लि.**, अनामनगर, काठमाडौंको प्रस्ताव छनौट भई स्वीकृत भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**करुवा यातायात प्रा.लि. को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदवी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०२/०१ मा दर्ता कायम भएको **करुवा यातायात प्रा.लि. (प्रा.लि.नं.२१७३२८/२०७५/०७६)** लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम मिति २०७८/११/२७ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेशनः श्रवण कुमार श्रेष्ठ**
**इजाजत पत्र नं. ४०४ फोन नं. ९८५१२१७००४**



## QATAR मा रोजगार

कम्पनी : RAS LAFFAN SERVICES शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/११/२७ चलानी नं.: ६०१७५८०२ L.T. No.: 259382

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ceramic Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४३,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 10 | 0 | | 1200 | ३९,९०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ५ गते (19 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

MANPOWER RECRUMENT NEPAL PVT. LTD
Govt. Lic. No.: 1131/073/074
Panipokhari-3, Kathmandu, Tel : 01-4002748, 01-4002749
E-mail : info@manpowerrecuitmentnepal.com.np, Web : www.manpowerrecuitmentnepal.com.np



## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाई पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस् ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

# आँखाबाट नहट्ने हिमालपारिको मुस्ताङ

घुम्दाघुम्दै जोमसोमको प्रकृतिसँग मोहनी लागेछ । नबोली चुपचाप मुस्कुराईरहेका निलगिरी, धौलागिरी र नरिसाई बग्ने कालीगण्डकीले कतिबेला मोहनी लगाएछन पत्तै भएन । मनले हिमालपारिको यो बस्ती छोड्नै मानेको थिएन ।



■ अर्जुन बिष्ट



लामो समयदेखि मनमा अनेकौं सवाल उब्जाएर हिउँ पर्ने सिजनमा मुस्ताङ घुम्ने भनी योजना बनाएको थिएँ । तर, समाचार प्रवाहमै जीवन सिमित भयो । रिपोर्टिङमा दौडिरहेको अवस्थामा पनि बेला-बेला मुस्ताङको जोमसोम, कागबेनी र मुक्तिनाथ जाने रहर मनमा जागिरहन्थ्यो । धेरैजसो त म घुमिसकेको छु । पत्रकारिता र घुमफिरमा बराबरी समय दिन रूचाउँछु । छुट्टीको समय आउने बित्तिकै प्रायः घुम्न निस्किहाल्छु । यसपटक पनि त्यही निर्णय दोहोऱ्याएँ । जहाँ मलाई पुग्नु थियो । हिउँ परेको बेला त्यहाँको मौसम कस्तो हुन्छ होला ? अझ हिमालको घुम्टो ओडेर आफ्नै मौनतामा मुस्कुराइरहने मुक्तिनाथ कस्तो हुन्छ होला ? कालीगण्डकीको तिरैमा बसेर कागबेनीको सुन्दरबस्ती नियाल्दाको आनन्द कस्तो होला ? नेपाली सिनेमा देखिने हिमालय दृश्य देख्दा म त्यहाँ कहिले पुगुँला ? अक्सर मैले सोचिरहन्थेँ तर, यसपटक भने यी सबै जिज्ञासा मेटाइयो ।

मुक्तिनाथ दर्शनका लागि पोखराबाट तारा एयरलाइन्समा मुस्ताङको यात्रामा निस्कियौँ । साथमा दुई जना साथी पनि थिए । बिहानको ७ बजेर ५५ मिनेटमा पोखरा बिमानस्थलबाट मुस्ताङको जोमसोमको लागी उडान भऱ्यौं । करिब साढे आठ बजेतिर जोमसोममा ल्याण्ड भयौं । यो ३० मिनेटको हवाई यात्रामा अग्ला स्थानमा रहेका हिमालहरू अवलोकन गर्ने अवसर मिल्यो । कास्कीको आकाशदेखि नै माछापुच्छे, अन्नपुर्णलगायतका हिमालहरूले मुस्कुराउँदै स्वागत गरिरहेका थिए । जोमसोमसम्म आइपुग्दा दर्जनबढी हिमालहरूको दृश्य देख्न पाइयो ।

जोमसोम एयरपोर्ट झर्नासाथ चिसो हावाले बेस्सरी हानिरहेको थियो । सानो गाउँ चिटिक्क परेका घरहरू, एयरपोर्टको धावनमार्गसम्मको हिउँको खाँद, चारैतिर सेताम्मे हिउँले घेरिएका डाँडा, केहिबेर यो मन प्रकृतिसँग रमिरह्यो । जहाजबाट झर्ने बितिक्कै 'जोमसोममा स्वागत छ' लेखिएको बोर्ड राखिएको थियो । एयरपोर्ट गेटबाहिर निस्कने बित्तिकै अत्याधिक चिसो भएको महसुस भयो । ढिला नगरी हामी होटलको खोजिमा लम्कियौँ । एयरपोर्ट छेउमै रहेछ । होटल मुस्ताङ मोनालिसा यहि बस्ने निर्णय गऱ्यौं । होटल सोचेजस्तै व्यवस्थित नै रहेछ । कोठाको झ्यालबाटै हिमालय दृश्यहरू देख्न सकिन्थ्यो । हिमाली भेकको चिसो मौसमलाई छिचोल्न भोटे चिया पिउँदै यो सुन्दर गहनारूपी प्रकृतिको बयान गर्न मन लाग्यो ।

हिमालको उज्यालोमा झलमल्ल एउटा सुन्दर बस्ती जोमसोम । गण्डकी प्रदेशको मुस्ताङ जिल्लाको घरपझोङ गाउँपालिका-४ मा पर्ने जोमसोम नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको धौलागिरी अञ्चलअन्तर्गतको मुस्ताङ जिल्लाको सदरमुकाम पनि हो । गाउँपालिकाको तथ्यांकअनुसार गाउँपालिकको कूल जनसंख्या ३ हजार १८४ रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा मनाङ जिल्ला, पश्चिममा डोल्पा जिल्ला, उत्तरमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, दक्षिणमा थासाङ गाउँपालिका र म्याग्दी जिल्लासम्म रहेको छ ।

करिब २८ सय मिटरको उचाइमा रहेको जोमसोम पर्यटकीय क्षेत्रका रूपमा परिचित छ । यहाँबाट दक्षिणी भेकमा पर्ने धौलागिरी र निलगिरी हिमालको दृश्य राम्रोसँग देखिन्छ । मुस्कुराइरहेका धौलागिरी र निलगिरीले यहाँ आउने जो कोही पनि लोभिन पुग्छन् । मिरमिरमा तारा झरेँ सँगै सुन्दर हिमालयन दृश्य नियाल्दै बिहानीपखलाई मनैदेखि स्वागत गर्न पाउँदा साच्चिकै आनन्द मिल्दो रहेछ ।

जोमसोममा ढुंगामाथि माटो र टिनका छाना भएका चिटिक्क घर । ती घरमाथि जमेको हिउँ । चौर जस्तै सेताम्मे परेको बस्ती, घामको सुनौलो किरणसँगै कालीगण्डकी सुसाईरहेको मधुर आवाज ओहो क्या आनन्द ! क्षेत्री, गुरूङ, शेर्पा र भोटे समुदायको बसोबास क्षेत्र हो जोमसोम । शान्त वातावरण हावाको सुइँको बाहेक अरू आवाज छैन । सुनसान जोमसोम होहल्ला छैन । नेपाली सिनेमा हेर्दा कागबेनी, कालीगण्डकीको त्यो बगर अनि मनमोहक हिमाली दृश्य हेरेर सोच्थें, त्यस्तो ठाउँमा म कहिले पुगुँला ?

प्रकृति र आफ्नै विविध स्थानीय संस्कृतिको संगम जोमसोम सुन्दर मात्रै होइन आकर्षक पनि छ । वरिपरि अग्ला डाँडा र फेदीबाट कालिगण्डकी नदी बग्छिन् । जोमसोमबाट धौलागिरी र निलगिरी छर्लङ्ग देख्न सकिन्छ । उ सो त हिमालपारीको जिल्ला मुस्ताङ आफैँमा परिचित छ । जसको सिरानीमा हिमाल मुस्कुराउँछन् । फेदीमा कालीगण्डकी बग्छीन् यही कालीगण्डकी हो नेपालमा अन्य नदीमा नपाइने शालिग्राम यहाँ पाइन्छ । जोमसोममा बसेर यो सुन्दर दृश्यमा रमाउँदा मनैदेखि आनन्द मिल्छ ।

जोमसोम पुगेको पनि आधादिन बितिसकेछ । यहाँको सुन्दर प्रकृतिसँग कति छिट्टै घुलमिल भएछु पत्तै भएन । जोमसोम बजार, कालीगण्डकी छेउमा रहेका बस्तीहरू नियाल्दा निल्याल्दै साँझ परिसकेछ । अब भने भोलि बिहानै मुक्तिनाथको दर्शनका लागि निस्कने प्रणका साथ हामी सुत्ने निर्णयमा पुग्यौँ ।

भोलिपल्ट बिहानै उठेर गाडीको बन्दोबस्त गरेर मुक्तिनाथको यात्रामा लाग्यौं । कागबेनीमा पुगेर यहाँको सुन्दर दृश्य अवलोकन गर्दै जोमसोमबाट करिब साढे १ घण्टा पछि मुक्तिनाथ पुगियो । सडक बाहेक छेउछाउ र चारैतिर हिउँ मात्रै थियो । हरियाली कतै पनि देख्न पाइएन । बाक्लो हिउँमाथि फोटो खिच्ने मानिसहरूको भिड निकै रहेछ । केही समय हामी त्यही भीडमा सामेल हुँदै हिउँ खेल्यौं ।

आन्तरिक पर्यटकले यतिबेला यो क्षेत्र भरिभराउ भएको छ । हिउँ पग्लने सिजन भएर होला मान्छेहरूको यतिधेरै भीड छ । कागबेनीबाट मुक्तिनाथ तर्फ उकालोमा चिटिक्क परेको कालोपत्रे सडक, यताउती सेताम्मे हिउँ, बिहानीपखमा उदाएको त्यो सुर्यको कलिलो किरण कति आनन्द, कति मिठासपन । यी पलहरू अविस्मरणीय र सम्झना लायक बन्न पुगे ।

मनमा आनन्दका गुच्छाहरू फक्रीरहेका थिए । हामी मुक्तिनाथ गाउँ (मुक्तिनाथ भिलेज)मा पुगिसकेका थियौँ । यहाँ त झन घरवरिपरी नै बाक्लो हिउँ रहेछ । घरको ढोकासम्मको हिउँ हटाउन तल्लीन थिए, त्यहाँका बासिन्दाहरू ।

गाडी यहीँ गाउँमै रोकियो । हामी अब मुख्य मुक्तिनाथको मन्दिर द्वार तर्फको उकालो सिडिमा चढ्यौं । बिहानैपख भएर होला भक्तजन, तिर्थालुहरूको

## घुमफिर

जोमसोममा ढुंगामाथि माटो र टिनका छाना भएका चिटिक्क घर । ती घरमाथि जमेको हिउँ । चौर जस्तै सेताम्मे परेको बस्ती, घामको सुनौलो किरणसँगै कालीगण्डकी सुसाईरहेको मधुर आवाज ओहो क्या आनन्द !

मुक्तिनाथसम्मको यात्रामा आफ्नै लयमा मुस्कुराएका हिमालहरू, सुन्दर गाउँहरू, स्याउ बगैंचा, स्थानीय उत्पादनका कपडाहरू, हिमाली भेकम्म पाइने जडिबुटी धोबिसल्लोका रूख र घाँस नभएका अग्ला र ठूल-ठूला पहाडहरू देख्दा त झन मनै फुरूङ्ग हुन्छ ।

मुक्तिनाथ मन्दिर वरपर हिउँले ढाकिएको छ । यहाँका स्थानीय बासिन्दाका अनुसार यस वर्ष हिउँ बाक्लो मात्रामा परेको छ । उपल्लो कागबेनीदेखि मुक्तिनाथसम्मको सडकमा अहिले बाक्लो हिउँ रहेको छ । सेताम्म्मे हिँउमा जाडोले कठ्याङ्गीदै भएपनि हिउँखेलेर भरपुर रमाइलो लिइरहेका आन्तरिक पर्यटकहरू छुट्टै विश्वमा प्रवेश गरेको अनुभव सुनाउँछन् ।



त्यति भिड थिएन ।

यो मन्दिर हिन्दू तथा बौद्धमार्गीहरूको महत्वपूर्ण तिर्थस्थल हो । हिमालपारीको जिल्ला मुस्ताङमा अवस्थित यो मन्दिर समुद्र सतहदेखि ३ हजार ७१० मीटरको उचाईमा रहेको छ । हिन्दूहरूले मुक्ति क्षेत्र र बौद्धमार्गीहरूले तिब्बती भाषामा छुमिङ ग्यात्सा भन्दछन् । पवित्र स्थलमा १०८ वटा ढुङ्गाले बनाएको गाइको मुखबाट निक्लीएका धाराहरू छन् । जसबाट पवित्र जल बगिरहेको हुन्छ भन्ने जनविश्वास छ । ती सबै धाराहरूमा साँढेका मुखाकृति रहेका छन् । यी धारा राजा मुकुन्द सेनले बनाएका हुन् । मन्दिरको ठीक अगाडि दुई वटा पोखरी कुण्ड छन् । एकतर्फी धर्म कुण्ड र अर्कोतर्फी पाप कुण्ड छ । बडा दसैं र चैत्र दसैंमा यहाँ मेला पनि लाग्ने गर्छ ।

हिन्दु धार्मिक मान्यताअनुसार मुक्तिनाथ यस्तो क्षेत्र हो, जहाँ मानिसहरूलाई मुक्ति तथा मोक्ष प्राप्त हुन्छ । मुक्तिनाथको यात्रा जटिल रहेको छ । तर पनि हजारौ संख्यामा हिन्दू धर्मावलम्बी तिर्थ गर्नका लागि यहाँ आउने गर्दछन् । यो मन्दिर हिन्दु धर्मको दुर्गम तिर्थस्थलमा समेत पर्दछ । करिब ३८ सय हाराहारीको उचाईमा रहेको हुँदा यसलाई बादलमाथिको मन्दिर पनि भन्ने गरिन्छ । जहाँ सुन्दर प्राकृतिक दृश्वालोकन गर्दै मुक्तिनाथ पुग्दा छुट्टै विश्वमा पुगेको आभाष त हुन्छ नै । गाडीमा यात्रा गर्ने हो भने, अर्कोतिर विश्वकै गहिरो खोँच कालीगण्डकीको किनारै किनार बेनी, घाँसा, मार्फा, जोमसोम कागवेनी हुँदै

मैले सुनेको थिएँ मुक्तिनाथ पुगेपछि आफ्नो इच्छा पूरा भएको अनुभूति हुन्छ । तर, त्यो अनुभुती आफैंमा पाएँ र अनुभव पनि बटुल्ने अवसर मिल्यो । मुक्तिनाथ मन्दिरको नजिकै ज्वालादेवीको मन्दिर, गुम्बाहरू, शिवालय र छेउमा १०८ वटा धारा छन् । जहाँ नुहाएमा पुण्य कमाइन्छ भन्ने जनविश्वास रहेको छ । त्यस्तै कागबेनी पनि धार्मिकरूपमा महत्वपूर्ण ठाउँ हो । यहाँ दशैं अगाडि सुरू हुने सोह्र श्राद्ध गर्न आउनेहरू धेरै हुन्छन् । विशेष त यो ठाउँ पितृको श्राद्वका लागि प्रशिद्ध मानिन्छ । कालिगण्डकी किनारमा रहेको कागवेनीमा मज्जाले आनन्द लिन सकिन्छ ।

स्थानीयका अनुसार वि.सं. २०६२ सालको मंसिर महिनामा मुक्तिनाथका पिठाधिश्वर कमलनयन आचार्यलगायत लाखौं नेपाली भक्तजनहरूले नेपाललाई तत्कालिन दन्द्वबाट मुक्ति मिलोस् भनेर मुक्तिनाथका १०८ शालिग्रामलाई भारतको प्रसिद्ध तिर्थस्थल हरिद्वारमा लगेर गंगाको तटमा सवालाख गाइको दूधले नुहाएर सवा करोड बत्ती बाली पूजा गरिएको थियो । मुक्तिनाथको पूजापछी लामो समयसम्म चलेको गृहयुद्धबाट नेपालले मुक्ति पाएको थियो ।

खुसी पोखिएको क्षण घुमेर कहिल्यै नथाकिने ठाउँ जोमसोम छुट्नै लाग्यो । खुसीका भावहरू पोखिए । खुशी हुनलाई ठूलो मन चाहिँदो रहेछ । मनमा खुशीका पोकाहरू सजाएर हिमालपारिको जिल्ला मुस्ताङलाई ओझेल पार्दै पोखराको लागि यात्रा तय भयो ।

मध्यान्हको १२ बजे जोमसोमबाट स्कार्पियो रिजर्भ गरेर पोखरा तर्फ फर्कियौं । ठाउँ-ठाउँमा देखिने सुन्दर दृश्यको मोहले नै हामी हवाई यात्रा छोडी गाडीमा फर्कने निर्णयमा पुग्यौं । अनि अनुशासित ढंगले आफ्नै सुरमा मुस्कुराई रहेको जोमसोम हेर्दाहेर्दै ओझेलमा पऱ्यो ।

जोमसोमदेखि मार्फा, लेते, घाँसासम्मको सडक एकदमै राम्रो रहेछ । घाँसा गाउँमा प्रहरी चेकपोस्टमा गाडी इन्ट्री गरेर नजिकैको होटलमा खाजा खाने निर्णय भयो । वारीपारी अग्ला हिमाली डाँडाको बिचमा चिटिक्क परेको घाँसा गाउँबाट चिया, चाउचाउ खाएर निस्कियौँ । घुम्दाघुम्दै जोमसोमको प्रकृतिसँग मोहनी लागेछ । नबोली चुपचाप मुस्कुराईरहेका निलगिरी, धौलागिरी र नरिसाई बग्ने कालीगण्डकीले कतिबेला मोहनी लगाएछन पत्तै भएन । मनले हिमालपारिको यो बस्ती छोड्नै मानेको थिएन ।

"यात्रामा धेरैले सोध्छन् खुसी कहाँ मिल्छ ? खुसी कसरी मिल्छ ?" मेरो सधैं एउटै जवाफ, "खुसी घुमफिरमा मिल्छ । प्रकृतिसँगको अपार प्रेम होस् । या जिवजन्तु र हिमाल मुस्कुराउँदा होस् जब म घुमफिरमा निस्कन्छु खुशी त्यही पाउँछु ।"

घाँसा मुस्ताङ जिल्लाको अन्तिम बिन्दु थियो । अब हामी म्यादी जिल्ला प्रवेश गर्दै थियौँ । मुस्ताङका लोभलाग्दा दृश्यहरू आँखाबाट ओझेल पर्दै गए । निलगिरी र धौलागिरी पनि विस्तारै टाढीदै थिए । दिउँसोको साढे २ बजेको थियो । हामी म्याग्दी र मुस्ताङको सिमाना नजिक काभ्रे भिरमा पुग्यौँ । यहाँ भने सडक निर्माणका कारण बाटो बन्द थियो । केही घण्टा यही भिरमा कुर्नुपऱ्यो । साँझको समय हुनैलाग्दा बाटो खुलेको जानकारी पछि हामी म्याग्दी जिल्ला प्रवेश गर्यौं । सडक निर्माणको काम भैरहेकोले यात्रामा ढिलाई भएको थियो । केही समय पछि म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा पर्ने मनोरम रूप्से झरणामा रमाउँदै पोखरा तर्फ लाग्यौं ।

यहाँसम्मको बाटो एकदमै साँघुरो र खतरायुक्त पनि थियो । अग्लो पहाड माथिबाट ढुंगा खस्ने पिर, दाहिनेतिर बगिरहेको कालीगण्डकी नदीमा खसिन्छकी भन्ने त्रासकै बीच यात्रा सफल भयो । मनमा खुम्चिएका जति त्रासहरूलाई सुन्दर र मनमोहक हिमालहरूको हाँसो अनि रूप्से झरणाको शिथिलताले सबै डर हराइदियो ।

प्रायः ठाउँ-ठाउँमा कालीगण्डकी करिडोरअन्तर्गत सडक निर्माणको काम भैरहेको रहेछ । कतै रोकिदै अगाडि बढ्दै हामी करिब साँझको ९ बजे पोखरामा पुग्यौं । दिनभरको कठिनपुर्ण यात्राका कारण थकान पनि उत्तिकै लागेको थियो । मनमा शान्ति, हर्ष र आनन्द दिने मुस्ताङको सम्झना मनैमा सजाउँदै मुस्ताङ यात्राका यादहरू मनमा कैद गरियो । जिन्दगीमा अझैँ धेरै यात्रा गर्नुछ । धेरै टाढा पुग्नुछ ।

### यसरी जान सकिन्छ मुक्तिनाथ

पोखरादेखि हवाई यात्रामा जाने हो भने २५ मिनेटमा जोमसोम पुगिन्छ । जोमसोमदेखि मुक्तिनाथको लागि गाडीमा जानुपर्छ । गाडीबाट जाने हो भने पोखराको लेकसाइडदेखि हेम्जा हुँदै मुस्ताङ तर्फको यात्रा तय गर्न सकिन्छ । पोखराको साइडसिन हेर्दै माछापुच्छे, अन्नपूर्ण हिमालको दृश्य नियाल्दै ६० किलोमिटर हिडेपछि पर्वतको कुश्मा पुगिन्छ ।

कुश्माको मालढुंगाबाट बाग्लुङ जाने बाटो छोडेर हामी बेनी तर्फ मोडिनुपर्छ । त्यहाँबाट २८ किमि अर्थात् डेढ घन्टाको दूरीमा बेनी रहेको छ । जलजला, बेनी हुँदै म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा पर्ने रूप्से झरणाको अवलोकन गर्दै बेनीबाट मुक्तिनाथसम्म करिब १ सय किमिको दूरी पारगरेपछि करिब ६ घण्टामा मुक्तिनाथ पुगिन्छ ।

पोखरादेखि बिहान ७ बजे मुक्तिनाथको लागि बस छुट्छ । भने जिपहरू पनि रिजर्भ गरेर जान सकिन्छ । पोखरादेखि कतै नघुमेर सिधैं यात्रा गर्ने हो भने बिहान ७ बजे हिँडेपछी बेलुकासम्म मुक्तिनाथ पुग्न सकिन्छ । त्यो तपाईंमा भरपर्छ । कसरी जाने, बिचबाटोमा पर्ने पर्यटकीय स्थलहरूको अवलोकन गर्ने कि नगर्ने ?

## कविता

### यत्ति हो



ओम आचार्य, अर्घाखाँची

आऊ !
नङ्ग खियाऊ
धर्म नछाडी
कम्तिमा यौटा पेट भर
र छाडेर जाऊ
यही हो रितभाँत ।

आऊ !
पसिना बगाऊ
साँध किलो ख्याल गर
सक्छौ पौरख देखाऊ एक हलको
सक्दैनौ भने
कम्तिमा मेलो छाड्नेको सूचीमा नाम दर्ज नगराऊ
यही हो सन्देश ।

हेर !
श्रृष्टि थाम्न
चराले पनि गुँड लगाउँछ
बचेरा हुर्काउँछ खाइ नखाइ गरेर
तर नजरमा कहिल्यै
देखिएन टाँसेको स्वार्थ
चेत्नको लागि यो भन्दा ठूलो शिक्षा के हुन सक्छ ?

स्वार्थ !
न छोप देखाऊ
कम्तिमा नापो थाहा पाउन
सभ्यतालाई सघाऊ,
कतिलाई लाग्ला ठीक त्यही हो
र संसार त्यस्तै छ
जस्तो उसको आँखाको नानीले तस्वीर खिच्छ ।

अलिकति भएपनि
हेक्का राख
जो कसैले केही न केही लिएर आएको हुन्छ
उर्जाको अंश
जगाउन सक्छ सक्दैन वंश
भर पर्छ उसको नियत र मिहनतमा
प्रकृतिले मात्र सघाउँछ
लोकले भन्ने यत्ति हो ।

### तीन मुक्तक



लालीमाया थापा मगर, प्यूठान

१.
न त लुक्न सके, न प्रत्यक्ष देखियो बोल्नै सकिन ।
यो परिस्थिति पनि कस्तो भइदियो बोल्नै सकिन ।
खाली आशा मात्र देखाए मैले दुनियाँको अगाडी
भन्छु भन्दा भन्दै मुखमै अड्कियो बोल्नै सकिन ॥

२.
सम्झिन्छु म त बालापन गुराँस फुल्दा खेरी ।
त्यसै रमाइलो हुन्छ वन गुराँस फुल्दा खेरी ।
जिन्दगीलाई एक तरिकाले नियालेर हेर्दा
साँच्चै खुसी हुन्छ मन गुराँस फुल्दा खेरी ॥

३.
खै के बनाउ जिउने आधार भनिदेउ ।
कहाँ भेटिएला र खुसीको संसार भनिदेउ ।
जति नै खोजे पनि नभेटेपछि हैरान परेर
हेरे मैले तिमीलाई के छ विचार भनिदेउ ॥

४.
बोकेर झोला अनि छोडेर सहर फर्किनै पर्छ ।
बनाई कठोर मन सम्झेर सकभर फर्किनै पर्छ ।
सहर गएर प्यारो गाउँ बिर्सिनेहरू याद राख
आखिरमा एकदिन आफ्नै गाउँघर फर्किनै पर्छ ।

५.
नचाहिने कुरा मनबाट निकाल्न सक्यौं भने ।
सही ठाउँमा कदमहरू चाल्न सक्यौं भने ।
एक्लै पनि जीवन सुन्दर लाग्ने छ सुन माया
यदी मनलाई सम्झाएर सम्हाल्न सक्यौं भने ।

गो.हु.का.द.नं. ३३/०६९/०७०



# बक्स अफिस समाचार

## अष्ट्रेलियामा २७ लाखमा बिक्यो 'चिसो एष्ट्रे'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ फागुन

प्रदर्शनको संघारमा रहेको फिल्म 'चिसो एष्ट्रे'को अष्ट्रेलिया प्रदर्शन अधिकार बिक्री भएको छ। निर्माण कम्पनी कंगारु क्रिएसन र लोकल सिनेमाले अष्ट्रेलियाको कमेरो इभेन्ट्सलाई फिल्म प्रदर्शन अधिकार बिक्री गरेको जनाएका छन्।

कंगारु क्रिएसनका प्रमुख तथा 'चिसो एष्ट्रे' फिल्मका निर्माता महेशबाबु तिमिल्सिनाले कमेरोले ३० हजार अष्ट्रेलियन डलरमा प्रदर्शन अधिकार लिएको जनाएका छन्।

अहिलेको चलिरहेको अष्ट्रेलियन डलरलाई नेपाली रुपैयाँमा रुपान्तरण गर्दा यो २७ लाख बराबर हुन आउँछ। कमेरोका सुरज सुवेदी र निर्माता महेशबीच फिल्म प्रदर्शन गर्ने सम्बन्धमा औपचारिक सम्झौतासमेत सम्पन्न भइसकेको छ।

'अष्ट्रेलियामा निरन्तर कार्यक्रमहरू गरिरहने कमेरो इभेन्ट्ससँग हाम्रो फिल्म पनि चलाउने सम्झौता भएको छ। उहाँहरूसँग पहिला पनि थुप्रै नेपाली फिल्म प्रदर्शन गरेको अनुभव छ,' निर्माता महेशले भने, 'लामो समयपछि अष्ट्रेलियामा नेपाली फिल्म प्रदर्शन हुन लागेको छ। यसले हामीसँगै अष्ट्रेलियाका नेपाली पनि उत्साहित हुनुहुन्छ। यसले विदेशतिर नेपाली फिल्म प्रदर्शनको बाटो बनाउने कुरामा पनि हामी आशावादी छौं।'

'चिसो एष्ट्रे'ले बाँकी नेपाली फिल्मले भन्दा बढी पैसा पाएको हो। चलेका तथा राम्रा मानिएको ब्यानरले पनि यसअघि बढीमा २० लाखसम्म पैसा पाएका थिए।



निर्माता महेशबाबुले आफूहरूको आधार क्षेत्र अष्ट्रेलिया नै रहेकाले पनि उठाउने आत्मविश्वासका साथ कमेरोले लगानी गरेको हुनसक्ने बताए।

'फिल्म निर्माण कम्पनी कंगारु क्रिएसनको अर्को संस्था कंगारु एजुकेसन फाउन्डेसनको अष्ट्रेलियाको सिड्नीबाहेक एडिलेड र तास्मानियामा पनि आफ्नै अफिस छ। फाउन्डेसनमार्फत अष्ट्रेलिया पुग्ने लगभग सबै विद्यार्थीलाई फिल्म देखाउने हाम्रो लक्ष्य छ,' महेशबाबुले भने, 'त्योबाहेक हामी सब टाइटल गरेर त्यहाँका हलमा पनि फिल्म लगाउँदैछौं। यो सबै हिसाब गरेर फिल्मको अधिकार बेचिएको हो।'

दिन्स पाल्पालीको लेखन तथा निर्देशन रहेको फिल्मले ट्रेलर सार्वजनिकीकरण पछि राम्रो चर्चा पाइरहेको छ। फिल्मको टोन, कलाकारको अभिनय, छायांकन तथा भूपि शेरचनको कविताको भावलाई पर्दामा उतार्ने जमर्को गरेको भन्दै फिल्मको प्रशंसा भइरहेको छ।

कंगारु क्रिएसन र लोकल सिनेमाको संयुक्त ब्यानरमा निर्मित फिल्मलाई महेशबाबु तिमल्सिनाले प्रस्तुत गरेका हुन्। निर्माणमा भने महेश बाबुलाई प्रबिन स्याङ्बा र सुष्मिता पराजुलीले सघाएका छन्। फिल्मको सह निर्मातामा भने रुपेश ढुंगाना, नविन ढुंगाना र सुजन खतिवडा रहेका छन्।

फिल्ममा दिव्य देव, सृष्टि श्रेष्ठ, निकुन श्रेष्ठ, नविन लम्साल, सुशील पाण्डे, रविन तामाङ आदि कलाकारको अभिनय रहेको छ। फिल्म चैत ४ अर्थात् आउँदो शुक्रबार नेपालमा प्रदर्शन हुँदैछ।

## मिस वर्ल्डमा सहभागी हुन अमेरिका उडिन् नम्रता




**काठमाडौं/मस–** मिस नेपाल वर्ल्ड नम्रता श्रेष्ठ अमेरिका उडेकी छन्। ७० औं मिस वर्ल्डमा सहभागी हुन उनी बिहिबार साँझ अमेरिका उडेकी हुन्। कोरोनाको कारण रोकिएको प्रतियोगिता अमेरिकाको पुएर्तो रिकोमा आयोजना हुँदैछ।

श्रेष्ठलाई बिदाई गर्न त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा 'द हिडन ट्रेजर'का अध्यक्ष दिवाकर राजकर्णिकार र निर्देशकद्वय प्रमोद कंसाकार र शरद श्रेष्ठ पुगेका थिए। उनीहरुले जितको लागि शुभकामना दिए।

मार्च १६ मा प्रतियोगीताको अन्तिमस्पर्धा आयोजना हुँदैछ। जितको अठोटका साथ आफु 'मिस वर्ल्ड' मा सहभागी हुन लागेको उनले बताइन्।

आगामी मार्च १६ मा ग्रान्ड फिनाले हुँदैछ भने १७ मा गाला डिनरसहित ब्यूटी विथ पर्पस हुनेछ। नम्रता मार्च २० तारिखमा स्वदेश फर्कने कार्यक्रम छ। कोरोना महामारीले यसअघिको फिनाले स्थगित भएको थियो।

## 'ए मेरो हजुर ४' टिम ढाकातर्फ

काठमाडौं/मस- फिल्म 'ए मेरो हजुर ४'को टिम बंगलादेशको ढाका गएको गरेको छ। फिल्मको बाँकी छायांकनका लागि टिम ढाका गएको हो। अभिनेत्री सुहाना थापा, निर्देशक झरना थापा, निर्माता सुनिलकुमार थापा, छायांकार सञ्जय लामालगायतको टोली ढाका गएको हो।

वैशाख १ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्मको केही भाग बंगलादेशमा सुटिङ गर्नुपर्ने कथाको माग थियो। तर बारम्बारको महामारीका कारण निर्माण टिमले बंगलादेश जाने मेसो जुराउन सकेको थिएन। बंगलादेशले तेस्रो लहर थामिएर प्रतिबन्धहरू खुकुलो बनाएसँगै 'ए मेरो हजुर ४'को टिम सुटिङका लागि बंगलादेश उडेको हो। फिल्ममा सुहाना थापाले बंगलादेशमा डाक्टर अध्ययनरत युवतीको भूमिका निर्वाह गरेकी छिन्। सुहानाले बंगलादेशमा अध्ययन गरिरहेको परिवेश खिच्न निर्माण टिम बंगलादेश उडेको हो। यो सेड्युलमा अनमोल केसी भने छैनन्। निर्माता सुनिलकुमार थापा, निर्देशक झरना थापा र छायांकार सञ्जय लामा सानो टिम लिएर सुटिङमा निस्किएका हुन्।

अनमोल केसी र सुहाना थापाको मुख्य भूमिका रहेको फिल्मको केही दिनअघि मात्र दोस्रो गीत सार्वजनिक भएको छ। 'सुन्तला' बोलको गीतमा अनमोलले गरेको नृत्यलाई दर्शकले प्रशंसा गरेका छन्। यसअघि सार्वजनिक भएको शीर्ष गीतले भने मिश्रित प्रतिक्रिया पाएको थियो।


**गौरादह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गौरादह, झापा**
**प्रदेश नं.१, नेपाल**

**गौरादह नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।



**देवदह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**देवदह, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

**उद्योग व्यवसाय सञ्चालनका लागि जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
२. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
३. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
४. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
५. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
६. तोकिएको मुल्य भन्दा बढी मुल्य लिई कसैले कुनै माल वस्तु बिक्री गरेमा सो माल वस्तुको लिएको मोल फिर्ता गराई सो माल वस्तु जफत गरी निजलाई कारबाही गरिने छ।
७. कुनै माल वस्तुको थोक वा खुद्रा मोल निर्धारित गर्दा सम्बन्धित क्षेत्रको भनाई समेत बुझी सामान्यतया निम्न विषयहरुमा ध्यान दिई उपभोक्ताले सुपथ मुल्यमा पाउने गरी मुल्य निर्धारण गर्नु पर्नेछ।
८. नेपाल सरकारले तोकेको कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले माल वस्तु र व्यापारको प्रचलन अनुसार सामान्यतया सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल वस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई कानुन बमोजिम कारबाही गरिने छ।
९. बजारमा कुनै मालको कृत्रिम अभाव हुने गरी सो मालको मूल्य वृद्धि गराएर अनुचित नाफा लिई बजारमा बिक्री गर्ने नियतले त्यस्तो माल वस्तु संग्रह गरी बिक्री नगरी जम्माखोरी गरेमा निजलाई कानुन बमोजिम कारबाही गरिने छ।
१०. शुद्ध औषधि सरह बिक्री वा प्रयोग गराउने नियतले वा त्यसरी बिक्री वा प्रयोग गरिने सम्भव छ भन्ने जानी जानी औषधिका प्रभाव शुन्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधिमा मिसावट गरेमा वा त्यस्तो मिसावट भएको वा म्याद नाघेको औषधि हो भन्ने जानी जानी बिक्री गरेमा वा बिक्री गर्न उद्योग गरेमा वा बिक्री गर्न राखेमा वा उपचारको निमित्त कसैलाई दिएमा वा मिसावटको सम्बन्धमा जानकारी नभएका कुनै व्यक्तिलाई त्यस्तो औषधि सेवन गर्न लगाएमा निजलाई देहाय बमोजिम सजाय हुनेछ।
११. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
१२. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१३. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
१४. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१५. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ बिक्री वितरण नगरौं।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१८. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**